# सा्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार




गण्डकी प्रदेश प्रहरी कार्यालय, सामुदायिक शाखा पोखराको समन्वयमा आगलागी नियन्त्रण सम्बन्धि जनचेतनामुलक प्रशिक्षण कार्यक्रम स्थानिय जनता र नेपाल प्रहरीको संयुक्त सहभागितामा स्थापित सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा केन्द्र पोखरा-९ पृथ्वीचोक कास्कीको आयोजनामा विपद व्यवस्थापनमा सर्वसाधारणहरुलाई खाना पकाउने क्रममा LPG ग्यााँसबाट आगलागी हुनसक्ने अवस्था, सम्भावित खतरा र न्युनिकरणका उपायका साथै आगलागी भईहालेमा सुरक्षित हुने उपायका विषयमा तथा मानिसको शरीरमा लागेको आगलागी नियन्त्रण गर्ने तरिका र Fire Extinguisher को प्रयोग सम्बन्धि जनचेतनामूलक कार्यक्रम तथा सिमुलेशन समेत प्रदर्शन गरिएको थियो।







"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



# सासाहिक समाचारपत्रिका

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





विश्व खोप सप्ताह@चारकुने आधारभुत स्वास्थ्य केन्द्र, तनहुँ




"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेशका स्वास्थ्य कार्यक्रमहरुलाई प्रविधि मैत्री बनाउनको लागि सरोकारवालाहरुसंग समन्वयात्मक बैठक सम्पन्न भएको छ। बैठकको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियो।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा बिर अस्पताल, काठमाडौंमा नर्सिङ कर्मचारीहरुको लागि संचालित Hemodialysis तालिम संचालन तथा समापन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार




महाशिला गाउँपालिका, स्वास्थ्य शाखा, पर्बतको आयोजना तथा स्वास्थ्य कार्यालय, पर्वतको समन्वयमा महाशिला-१ होश्राङ्दि स्वास्थ चौकीमा १ दिने न्यूनतम सेवा मापदण्डको समिक्षा कार्यक्रम सम्पन्न भएको छ। सुत्केरीहरूलाई निशुल्क एम्वुलेन्स सेवा, उचित ब्यवस्थापन, २४ सै घण्टा सुत्केरी सेवा र दक्ष प्रसुति कर्मिको उपलब्धता जस्ता सवल पक्ष उक्त समिक्षा कार्यक्रममा प्रस्तुत गरिएको थियो। गुणस्तर सुधारमा ब्यवस्थापन समिति, पालिकाको प्रतिबद्धता सहित कार्ययोजना निर्माण गरि कार्यक्रम सम्पन्न गरिएको छ।



किष्ट कलेज, काठमाडौंका बिद्यार्थीले स्वास्थ्य कार्यालय, म्याग्दीको अध्ययन भ्रमण गरेका छन।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा जिल्लामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई कार्यक्रम संचालन भएको छ। स्वास्थ्य कार्यालय पर्वतका नि.कार्यलय प्रमुख रघुनाथ रेग्मीको अध्यक्षता तथा प.हे.न.नि सुमन शर्माको सन्चालनमा सम्पन्न भएको छ ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार




पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान पोखरामा B.N.S,B.Sc Nursing तथा MD/ MS मा नयाँ भर्ना भई अध्ययनरत बिद्यार्थीहरुलाई स्वागत तथा MD/ MS को अध्ययन पुरा गर्नु भएका आवाशीय चिकित्सकलाई बिदाई कार्यक्रम सम्पन्न भएको छ।



शिव माध्यामिक बिधालयमा शिक्षकहरु तथा बिध्यार्थीमा औलो रोग बारेमा स्वास्थकर्मीद्वारा स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन भएको छ ।



जिल्ला स्तरीय हात्तीपाइले रोग सम्बन्धी Morbidity Mapping and Disability Prevention कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।



तंग्राम स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा बिधालय स्वास्थ्य तथा पोषण कार्यक्रम श्री मुक्तिनाथ आधारभुत बिधालय तंग्राम, बागलुङमा संचालन भएको छ।




कुर्घा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा फलेबास नगरपालिका वडा नम्बर १० पर्वत कुर्घा स्वास्थ्य चौकीमा हात्तीपाइले रोग निवारण अन्तरगत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागी MMDP (morbidity management and disability preventions ) सम्वन्धित १ दिनको अभिमुखीकरण तालीम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार


पुतलीबजार नगरपालिका, स्याङ्जाले आ.ब २०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको प्रगति प्रतिवेदन तथा स्वास्थ्य प्रोफाइल प्रकाशन गरेको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



सेतीदोभन प्रहरी चौकीको समन्वय र सहयोगमा फापथुम स्वास्थ्य चौकीमा आत्महत्या रोकथाम तथा नियन्त्रण कार्यक्रम सम्पन्न भएको छ।



भंगरा स्वास्थ्य चौकि, पर्बतमा हात्तीपाइले रोग निवारण अन्तरगत महिला स्वास्थ्य स्वयम् सेविकाको लागी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागी MMDP (morbidity management and disability preventions ) सम्वन्धित १ दिनको अभिमुखीकरण तालीम सम्पन्न भएको छ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार




भुकताङ्ले स्वास्थ्य चौकि, पर्वत अन्तर्गत रहेका विभिन्न खोप केन्द्रहरुमा नियमित खोप तथा सरसफाइ प्रबर्द्धन कार्यक्रम संगै ६ महिना देखि २ बर्ष सम्मका बालबालिकाहरुलाई बालभिटा खुवाउने कार्यक्रम अन्तर्गत आमाहरुलाई यसको महत्त्व, खुवाउने तरिकाको साथै वितरण पनि गरिएको छ।



मध्यनेपाल नगरपालिका, लमजुङ्ग अन्तर्गत वडा नं ८ करापु स्वास्थ्य चौकिमा पुर्णखोप शुनिश्चितता तथा दिगोपनाका लागि खोप समन्वय समितिलाई अभिमुखिकरण तथा घरधुरि सर्वेक्षणको नतिजा समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



स्वास्थ्य कार्यालय, मुस्ताङको आयोजनामा खोप सम्बन्धि तालिम संचालन भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका हरुको लागि मातृ तथा प्रशवकालिन मृत्यु निगरानी प्रतिक्रिया सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।




**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र लमजुङको आयोजनामा राइनास न.पा. वडा नं ६ को वडा कार्यालयमा त्यस वडाका जनप्रतिनिधि, परम्परागत स्वस्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका लगायत विभिन्न संस्थावाट पाल्नुभएका प्रतिनिधिहरुको सहभागितामा "स्थानिय तहको सहकार्यमा सरोकारवालाहरुलाइ स्थानिय जडिबुटिहरुको पहिचान, संरक्षण प्रयोगका लागि अभिमुखिकरण कार्यक्रम" सम्पन्न भएको छ। उक्त कार्यक्रम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र लमजुङका कार्यालय प्रमुख डाक्टर उत्सव पौडेलको अध्यक्षता तथा राइनास न.पा. वडा नं ६ का वडा अध्यक्ष गोविन्द चिलुवालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा डाक्टर उत्सव पौडेल, डाक्टर श्रद्धा पौडेल र प्रेम प्रसाद पौडेलले आयुर्वेद स्वास्थ्य संस्थाहर बाट उपलब्ध हुने सेवाहरु, स्थानिय जडिबुटिहरुको पहिचान, संरक्षण र प्रयोग सम्बन्धि ज्ञान एवं लोपोन्मुख जडिबुटीहरुको बिषयमा आधारित रही अभिमुखीकरण गर्नुभएको थियो ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



बिहादी गाउँ पालिका वडा नं १ बाच्छा लाई पुर्ण खोप सुनिश्चित वडा घोषणा कार्यक्रम सम्पन्न भएको छ। वडा अध्यक्ष श्री चित्र बहादुर गुरुङको अध्यक्षता साथै बिहादी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख भुपेन्द्रनाथ पौडेल लगाएत वडा सदस्यहरु, खोप समन्वय समिती पदाधिकारीहरुको उपस्थिती रहेको थियो।



कुश्मा नगरपालिका, पर्बत अन्तरगत दुर्लुङ स्वास्थ्य चौकीमा न्युन्तम सेवा मापदन्डको दोस्रो फलोअप सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना र बडिगाड गाउँपालिकाको समन्वयमा खर्वाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रको प्रसुती इकाइमा प्रसुतिकर्मिहरुलाइ मातृ तथा नवशिशु स्वास्थ्य (MNH) onsite coaching तथा गुणस्तर सुधार कार्यक्रम सम्पन्न भएको छ। तहाँ कार्यरत प्रसुतिकर्मिहरुलाइ मातृ तथा नबजात शिशु स्वास्थ्यसंग सम्बन्धित बिषयमा knowledge assessment, decision making skill (partograph) assessment, normal delivery conduction, PPH, shock and eclampsia management infections prevention, newborn resuscitation आदि बिषयमा स्थलगत कोचिङ/ मेन्टरिङ गरिएको हो। संस्थाको Enabling Environment Assessment गरि प्राप्त स्कोरको आधारमा संस्थाको समस्या सम्बोधन हुने गरि कार्ययोजना बनाइ छलफल गरियो र कम्तिमा ६/६ महिनामा सस्थाको स्वमुल्याङ्कन गर्ने निर्णय गरियो। MNH MENTOR /अ.न.नि पार्वती अर्याल र प. हे. न. नि. सीमा कुवरद्वारा सहजीकरण गरिएको कार्यक्रमको गुणस्तर सुधार बैठक तथा समापन सत्रमा स्वास्थ्य संस्थाका कर्मचारी, ब्यबस्थापन समितिका पदाधिकारी, गाउँपालिका स्वास्थ्य शाखाबाट MNH कार्यक्रम फोकल पर्सन लगायतका सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखराका सचिव डाक्टर विनोद विन्दु शर्माको प्रमुख आतिथ्यता, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका महानिर्देशक खिम वहादुर खड्का र स्वास्थ्य तालिम केन्द्र गण्डकी प्रदेश पोखराका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको विशेष उपस्थितिमा धौलागिरी अस्पतालमा SBA (Skill Birth Attendant) तालिमको ६० औ व्याचको समापना तथा ६१ औ व्याचको उदघाटन सम्पन्न भएको छ। स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजना र धौलागिरी अस्पतालको व्यवस्थापनमा ६० दिन सम्म संचालन हुने तालिममा यस अस्पतालका प्रमुख कन्सल्टेन्ट अव्स एण्ड गाइनोकोलोजष्ट डाक्टर रेखा पौडेल, कन्सल्टेन्ट गाइनोकोलोजिष्ट डाक्टर विजय वझा, वरिष्ठ नर्सिङ अधिकृत शान्ती भण्डारी, नर्सिङ अधिकृत निमा हिताङ्ग, वरिष्ठ अस्पताल नर्सिङ निरिक्षक देवी भट्टराई र मिलन वरुवालले तालिममा सहजिकरण गर्नुहुनेछ। नर्सिङ अधिकृत निमा हिताङ्गको संचालनमा सम्पन्न भएको कार्यक्रममा तालिमको वारेमा वरिष्ठ नर्सिङ अधिकृत शान्ती भण्डारीले जानकारी गराउनु भएको थियो।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा गोष्ठी गाउँपालिका अन्तर्गतका प्रत्येक वडाका स्वास्थ्य संस्था प्रमुख र खोप फोकल पर्सनहरुको उपस्थितिमा सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, म्याग्दीमा कार्यरत कोल्डचेन सुपरभाईजर एवं खोप कार्यक्रम हेर्ने फोकल पर्सन विरेन्द्र कुमार चौधरीले मुख्य सहजीकरण गर्नु भएको थियोभने कार्यक्रमको उद्घघाटन सत्रमा रघुगंगा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत पदम बहादुर भण्डारी, स्वास्थ्य शाखा प्रमुख टिका बहादुर शाही, विर बहादुर ओली, स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मी.नि. देवी कुमारी राना,लगाएतको उपस्थिति रहेको थियो। कार्यक्रमलाई विषयगत रुपबाट नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्रवर्द्धन प्याकेज कार्यक्रमको समिक्षा गोष्ठी कार्यक्रममा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले गत आ.ब. २०७९/८० तथा चालु आ.ब. २०८०/८१ को बैशाख महिनासम्मको राष्ट्रिय खोप कार्यक्रम साथै सरसफाई प्रवर्द्धन प्याकेज कार्यक्रमको विभिन्न सूचकहरुको अवस्था प्रस्तुतिकरण गरे पश्चात् सबै स्वास्थ्य संस्थाहरुको प्रस्तुतिकरण हेरी सोको विश्लेषण र राष्ट्रिय खोप कार्यक्रमका ऐन, नियमावली, नीति, रणनीति तथा निर्देशिकामा भएका परिमार्जनहरु अद्यावधिक गरी स्वास्थ्यकर्मीहरुलाई खोप कार्यक्रममा भएका परिवर्तन, कार्यक्रमको रेकर्डिङ्ग, रिपोर्टिङ्ग लगायत अन्य सम्बन्धित विषयमा छलफल गरिएको थियो भने सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा गरिएको थियो।



दमेक स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा सुनौलो हजार दिनका घरपरिवारका सदस्यहरु (सासू, बुहारी, श्रीमान श्रीमती) लाई बृहत पोषण व्यबहार सम्बन्धी ३ दिने एकीकृत तालिम संचालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा अन्नपूर्ण गाउँपालिकामा स्वास्थ्य कर्मी हरुका लागि औलो तथा किटजन्य रोगहरु रोकथाम सम्बन्धि अभिमुखीकरण तथा प्रयोगशाला सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यलय, म्याग्दीका राजेन्द्र सापकोटा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा कार्यरत रजनी विश्वकर्माले गर्नुभएको थियो।



आरुघाट गाउँपालिका, स्वास्थ्य शाखा, गोरखाको आयोजनामा गोरखा जिल्ला भित्रका प्रथम अन्तर पालिका स्तरीय स्वास्थ्यकर्मीहरुको 7 A Side मैत्रीपूर्ण फुटबल खेल प्रतियोगितामा गोरखा अस्पतालबाट सहभागी भइ प्रथम हुन सफल भएकोमा सम्पूर्ण टिमलाई हार्दिक बधाई।




बारपाक सुलिकोट गाउँपालिका, गोरखा स्तरीय पोषण मैत्री गाउँपालिका कार्यक्रम अन्तर्गत स्वास्थ्य आमा समूहको बैठक बारपाक स्वास्थ्य चौकी अन्तर्गत (साविक वडा न ७) मा सुनौलो हजार दिनका गर्भवती तथा सुत्केरी आमाहरूलाई स्थानिय खाद्यान्न उत्पादन, सरसफाइ तथा पोषण सम्बन्धित व्यवहार परिवर्तन हरेक बार खाना चार ; स्तनपानको महत्व; बच्चालाइ पुरक तथा थप आहारबारे जानकारीका साथै बिउ बिजन वितरण गरिएको छ।



स्वास्थ्य कार्यालय, गोरखाको आयोजनामा IPV कोप अभियान सम्बन्धि अभिमुखीकरण संचालन गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार





स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा मानसिक स्वास्थ्य मोडयुल 2A तालिमको स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षतामा समापन गरिएको छ।



पोखरा नगर भित्र संचालित सवारी साधनहरुबाट उत्सर्जन हुने प्रदुषणको नियन्त्रण एवं रोकथामको लागि सार्वजनिक भाडाका सवारी साधनहरुलाई बिशेष गरी जाँचपास चेकजाँच गर्दा ९ वटा सवारी साधनको जाँचपास फेल भएको र २ वटा सवारी साधनको जाँचपास साथमा नभएकोले उक्त सवारी साधनहरुलाई प्रहरीको नियन्त्रणमा राखिएको छ।



दाना स्वास्थ्य चौकीद्वारा अन्नपूर्ण गाउँपालिका ३ काभ्रे टोलमा ०-५९ महिनासम्मका बालबालिकाहरुमा देखापर्न सक्ने कुपोषणको रोकथाम गर्ने उदेश्यका साथ पोषण स्थिति लेखाजोखा कार्यक्रम अन्तरगत बालबालिकाहरुको तौत, उचाई र पाखुराको नाप मापन तथा जुकाको संक्रमणबाट बच्ने उपाएहरुको बारेमा बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रमको समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख भुवन ठकुराठी, कार्यक्रम फोकल पर्सन गणेश सुवेदी, जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटाले, स्वास्थ्य निर्देशनालय बरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत मनकुमारी ओझा लगायतले सहजीकरण गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि हात्तीपाइले रोग निवारण अन्तरगत स्वयं हेरचाह (Self Care) सम्वन्धि १ दिने अभिमुखिकरण कार्यक्रम दुई वटा समुहमा सम्पन्न भएको छ। कार्यक्रममा बागलुङ जिल्ला भित्रका २६ वटा स्वास्थ्य संस्थाका ४५ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अमर बहादुर थापा, स्वास्थ्य कार्यालय प्रमुख वावुराम आचार्य लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रम सन्चालन स्वास्थ्य कार्यालय बागलुङका तथ्याङ्क अधिकृत घनश्याम सापकोटाले गर्नु भएको थियोभने धौलागिरी अस्पतालका कन्सल्टेन्ट डाक्टर शंकरराज लामिछाने, डाक्टर समीर लामिछाने, स्वास्थ्य कार्यालय बागलुङका ज.स्वा. नि. लक्ष्मी शर्मा र नारायणस्थान स्वास्थ्य चौकिका ऋषिराम शर्माद्वारा कार्यक्रमको सहजिकरण भएको थियो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



मादी गाउपलिका वडा न.-१ मा पुर्ण खोप वडा घोषणा तथा पुर्ण खोप वडा सुनिस्चितता र दिगोपना कायम राख्ने प्रतिबद्धताका साथै आ.ब.२०८१/२०८२को कार्ययोजना निर्माण र उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रममा सिक्लेस स्वास्थ्य चौकी मा कार्यरत सि.अ .हे.व.दौलत बहादुर के.सि. र सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिका टीका सुवा गुरुङलाई सम्मान गरि कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेशस्तरीय HIV Data Review तथा समीक्षा गोष्ठी सम्पन्न भएको छ। कार्यक्रमको सारांश प्रस्तुतिकरण स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकालले गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन जनस्वास्थ्य अधिकृत कमल रानाभाटले गर्नुभएको थियो। समापन कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १९१, वर्ष ६, २०८१ बैशाक २३, May 5, 2024, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




घार स्वास्थ्य चौकीद्वारा अन्नपूर्ण गाउँपालिका ६ खिबाङमा मा ०-५९ महिनासम्मका बालबालिकाहरुमा देखापर्न सक्ने कुपोषणको रोकथाम गर्ने उदेश्यका साथ पोषण स्थिति लेखाजोखा कार्यक्रम अन्तरगत बालबालिकाहरुको तौत,उचाई र पाखुराको नाप मापन कार्यक्रम सम्पन्न गरिएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा ढोरपाटन नगरपालिका-६ गादीखोला आधारभूत स्वास्थ्य सेवा केन्द्रमा, खर्बांग आधारभूत स्वास्थ्य सेवा केन्द्र (बडीगाड) र काठेखोला गाउपलिकामा "समुदायमा आङ खस्ने समस्या (POP) तथा पाठेघरको मूखको क्यान्सरको स्कृनिङ्ग (VIA)" शिविर मार्फत सेवा प्रदान गरिएको छ। उक्त शिविरमा कुल १९० जना महिलाहरुको स्क्रिनिंग गरिएको थियो। शिविरमा आएका १७ जना महिलाहरुमा विभिन्न डिग्रीको Pelvic Organ Prolapse (POP) को समस्या रहेको पाइयो जसको ब्यबस्थापनको लागि आवश्यकतानुरूपको रिंग पेसरी, केगल अभ्यास र स्वास्थ्य शिक्षा प्रदान गरिएको थियो। पाठेघरको मुखको क्यान्सर स्क्रिनिंग गर्दा संकास्पद र पोजिटिभ पाइएका केशहरुलाई थप ब्यबस्थापनका लागि सम्बन्धित ठाउँमा परामर्शसहित प्रेषण गरिएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**


**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com